# अनुसूचि १
# युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा आवेदन फाराम
(व्यक्तिगत )

श्री ........................
....................

बिषय : **स्वरोजगार कर्जा उपलब्ध गराई पाउँ ।**

महोदय,

नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली, २०६५ नियमावली अनुसार म श्री...................................को छोरा/छोरी श्री.........................................को श्रीमान/श्रीमति.जिल्ला..................म.न.पा./उ.न.पा./न.पा./गा.वि.स...................................बस्ने बर्ष ..........को श्री/श्रीमती................................हालसम्म कुनै रोजगारी मूलक कार्यमा लाग्न नसकी वेरोजगार रहेकोले त्यस बैंकवाट निम्न व्यवसाय संचालनको लागि देहायमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले विना धितो कर्जा पाउन अनुरोध गरेको छु ।

व्यवसायको विवरण

१.व्यवसायको नामः...................................................दर्ता...........................................

२. व्यवसाय संचालन गर्ने

३.अंचलः.............जिल्ला.........................गा.वि.स./न.पा/उप.म.न.पा/म.न.पा...........वार्ड नं.......... टोल/गाउं...............घरको नम्वर ....टेलिफोन नम्वर.....................मोवाईल नं .........................

४. व्यवसाय संचालन गर्नको लागि मैले । हामीले निम्न अनुसारको योग्यता हासिल गरेको छु :-

(क) शैक्षिक योग्यताः - (ख) तालिमः-

(ग) तालिम दिने संस्थाको नामः-

(घ) तालिम अवधिः- (ङ) पूर्व अनुभवः-

५.आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरि पारिवारिक विवरण (भएमा)

| नम | नाता | दर्जा | काम गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण :-

| नम | नाता | घर जग्गाको कित्ता नं. | जिल्ला | न.पा.वा गा.वि.स. | वा.न. | क्षेत्रफल | सगोल वा अंशबण्डा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. बैबाहिक स्थिति : विवाहित/अविवाहित/सम्बन्ध विच्छेदभएको/बिधुवा/बिधुर

८. पति/पत्नी नाम :...................................................................................................

९. नागरिकता नं.........................जारी गर्ने जिल्ला.............................मिति.........................

१०.परिवारमा आश्रितहरुको संख्या :

| | पुरा नाम | सम्बन्ध | उमेर |
|---|---|---|---|
| (क) | ..................................... | .......................... | .............. |
| (ख) | .................................... | .......................... | .............. |
| (ग) | .................................... | .......................... | .............. |
| (घ) | .................................... | .......................... | .............. |

**<u>११. व्यक्तिगत बैंक खाता विवरण (भएमा)</u>**

| बैंकको नाम | खाता नम्वर | शाखाको नाम | खाताको किसिम |
|---|---|---|---|
| ....................... | .......................... | ..................... | .......................... |

**<u>१२. सम्पर्क</u>**

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको बारेमा कसरी थाहा पाउनु भयो ?.........................................................................

**<u>१३. तपाईको अहिलेको मासिक आय -व्यय विवरण</u>**

| **मासिक खर्च** | | **मासिक आम्दानी** | |
|---|---|---|---|
| – भाडा | रु................ | – तपाईको आम्दानी (भए) | रु..................... |
| – पानी/विजुली/ग्यास | रु................ | – पति/पत्नीका तलब | रु........... |

| | | | |
|---|---|---|---|
| – लुगा | रु................ | अन्य | रु..................... |
| – भ्रमण/यातायात | रु................ | – ............................. | रु..................... |
| – मरोरञ्जन | रु................ | – ............................. | रु..................... |
| – औषधी खर्च | रु................ | – ............................. | |
| – दान/चन्दा | रु................ | | |
| – शैक्षिक खर्च | रु................ | | |
| – बीमा | रु................ | | |
| – बचत योजना | रु................ | | |
| – टेलिफोन | रु................ | | |
| अन्य | | | रु..................... |
| – .......................... | | | |
| – .......................... | | | |
| **जम्मा खर्च** | | **जम्मा आम्दानी** | |

**१४.व्यवसायको नाफा नोक्सान विवरण**

| व्यवसायको लागि खरीद गर्नु पर्न सामान (वार्षिक) | | |
|---|---|---|
| संख्या | सामानको विवरण | मूल्य |
| | | |
| | | |
| | | |
| | | |
| | जम्मा | |

| **व्यवसायको सामान बिक्री (वार्षिक)** | | |
|---|---|---|
| संख्या | सामानको नाम | मूल्य |
| | | |
| | | |
| | | |
| | | |
| | जम्मा | |

**१५.परिचित व्यक्तिहरु**

कृपया दुई जना व्यक्तिहरुलाई निम्न लिखित खण्डहरु भर्न लगाउनुहोस्। ती व्यक्तिहरुले तपाईलाई कम्तीमा दुई वर्षदेखि चिनेको हुनु पर्नेछ र एक जना तपाईको पारिवारिक सदस्य हुनु पर्नेछ। उनीहरुलाई टेलिफोन मार्फत सम्पर्क गर्न सकिनेछ।

| | | | |
|---|---|---|---|
| नामः | ............................... | नामः | ............................. |
| पेशाः | निवेदकसँगनाताः | पेशाः | निवेदकसँग नाताः |
| ठेगानाः | ............................... | ठेगानाः | ............................. |
| पोष्ट वक्सः | ...टेलिफोन नंः . | पोष्ट वक्सः | टेलिफोन नंः |
| मोबाइल नंः | ............................... | मोबाइल नंः | ............................. |

१६..तपाईको अनुपस्थितिमा व्यापार व्यवसाय संन्चालन गर्न सक्ने अन्य कुनै व्यक्ति छ वा छैन ? छ भने निजको नाम ...................................नाता....................उमेर............सम्पर्क ..................

१७. तपाईले संन्चालन गर्ने व्यवसाय/परियोजनाको अनुमानित लागत.रु.................................

१८. बैंक वा वित्तीय संस्था संग माग गरिएको ऋण रकम.रु.............................................

१९. आफ्नो स्वलगानी रकम रु..........................................

नोट : जुन परियोजना वा व्यवसाय संन्चालन गर्ने हो सो संबन्धमा अधिकारिक निकायबाट अनिवार्य रुपमा कोटेसन पेस गर्नु पर्ने छ।

२०. के तपाईले अन्यबाट ऋण लिनु भएको छ , छ भने कृपया विवरण दिनुहोस्।

२१. शर्त सुविधा :-

१. उल्लेखित कर्जा .................................. कार्यमा प्रयोग गर्नेछु।
२. कर्जामा कोषले समय-समयमा तोकेको दरमा ब्याज तथा सांबा तिर्नेछु।
३. वैकले तोकेको कोषको कर्जाको शर्त मान्न मंजुर छु।
४. मैले लिएको कर्जाको तोकिएको समयमा किस्ता नबुझाएमा समेत मेरो व्यवसायको दर्ता रद्द गर्ने, मेरा शैक्षिक वा व्यवसायिक प्रमाण-पत्रहरु, जफत गर्ने, मैले पाउनु पर्ने मेरो भागमा रहन पुगेको पैतृत वा आफूले आर्जन गरेको सम्पत्ति रोक्का गर्ने, मलाई राज्यले दिने कुनै पनि सुविधावाट बञ्चित गरिएमा समेत मेरो मञ्जुरी छ।
५. जुनसुकै सम्पतिमा स्वतः पहिलो दावी सृजना हुने र मैले पाउने रकम तेश्रो पक्षवाट असुल उपर गरी लिएमा सहमति भएको तथा मेरो व्यक्तिगत जमानी समेत मेरो मञ्जुरी छ।

६. कुनै किसिमले यो कर्जा लिए पछि रोजगार भएमा सम्पूर्ण सावा व्याज ३ महीना भित्र वुझाउने छ। छु र सो नगरेमा नियतबस ऋण नतिर्ने ऋणीहरुबाट ऋण असुलीका लागि कारवाही गरेमा मेरो मञ्जुरी छ।
७. वीमा सम्वन्धी र व्याज अनुदान सम्वन्धमा मेरो सहमति छ।

मैले पेश गरेको उपरोक्त विवरण झुठ्ठा ठहरे मलाई कुनै पनि स्तरको कारवाही गरेमा मेरो मञ्जुरी छ भनी माथि उल्लिखित कर्जा प्राप्त गर्नको लागि यो माग फाराम पेश गरेको छु

निवेदकको नाम................................. दस्तखत........................अभिमूखीकरण तालीम आवेदन नं...............

**समूहमा काम गर्नेको सम्वन्धमा**

समुहमा व्यवसाय गर्ने हो भने सवैले अनुसूची १ वमोजिमको विवरण भर्नु पर्छ र समूहका (अभिमुखीकरण तालिमको प्रमाणपत्र, सामुहिक परियोजना संलग्न गर्नु पर्छ) सबै व्यक्तिहरुको अभिूखीकरण तालीम आवेदन नं. सवैले आफ्नो फारममा उल्लेख गर्नु पर्छ।
समूहमा काम गर्ने व्यक्तिहरुको आवेदन नं. हरु ........................, .........

| **कार्यालय प्रयोजनको लागि मात्र :** | |
|---|---|
| निवेदन दर्ता नं. :................................. | दर्ता गर्नेको दस्तखत :...................... मिति :..................... |
| सोधपुछ कर्ता १: | सोधपुछ कर्ता २: |
| मितिः............................................. | मितिः............................................. |
| वार्ता गरेको : | वार्ता गरेको : |
| व्याख्याः.................................................................................. .................................................. | व्याख्याः.................................................................................. ................................................................................ |
| क्रेडिट चेक गरेको : छ ☐ छैन ☐ | |
| जाँच गर्नेको नामः.............................. | दस्तखतः...........................मिति............ |
| स्वीकृत गर्नेको नाम ......................... | दर्जा...................................... |
| दस्तखत....................... | मितिः..................................... |
| स्वरोजगारको website मा entry गरेको मिति ........................... | |

**संलग्न कागजातहरुः**
१.नागरिकताको प्रमाण-पत्र,
२. शैक्षिक योग्यता भएमा सो को प्रमाण पत्र,
३. परम्परागत शीप (कृषि व्यवसाय, व्यापार तथा जातीय शीप) हुने वाहेक शीप हासिल गरेको प्रमाण पत्र,
४. अभिमूखिकरण तलीमको प्रमाण पत्र,
५. कर्जा माग निवेदन,
६. फोटो दूई प्रति।

# स्वरोजगार बीमाको प्रस्ताव फाराम

(बैंक तथा वित्तिय संस्थाले भर्नु पर्ने)

| | | | | |
|---|---|---|---|---|
| कृपया सफासँग लेख्नुहोस्, कुनै केरमेट भएमा उक्त ठाउँमा दस्तखत गर्नुहोस् र टिपेक्स प्रयोग नगर्नुहोस् | | | | |
| १ | ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्थाको | (क) | नाम | |
| | | (ख) | ठेगाना | |
| २ | प्रस्तावित बीमित ऋणीको | (क) | नाम थर | नेपालीमा: ................................................ |
| | | | | अंग्रेजीमा: .................................................... |
| | | (ख) | ठेगाना | फोन नं. ................ इमेल .................... मोबाइल नं. ........................ फ्याक्स नं. ................. |
| | | | स्थायी | अञ्चल : ................ जिल्ला : ................. न.पा./गा.वि.स.: .............................. वडा नं. : ................ ब्लक नं........... फोन नं./मोबाइल नं. ......................... इमेल ........................ |
| | | | अस्थायी | अञ्चल : .............. जिल्ला : ................. न.पा./गा.वि.स.: .............................. वडा नं. : ................ ब्लक नं........... |
| | | (ग) | हाल गरिरहेको पेशा | |
| | | (घ) | ऋण लिएको रकमबाट संचालन गरिने परियोजना | |
| | | (ङ) | शैक्षिक योग्यता | |
| | | (च) | जन्म मिति | ....................साल ...................महिना ...........गते |
| | | (छ) | उमेर सम्बन्धी प्रमाण | |
| | | (ज) | लिङ्ग: ............. | (झ) राष्ट्रियता: ................................ |
| | | (ञ) | प्रस्तावित बीमित ऋणीको पिता/माताको नाम, थर : ..................................... | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | **बीमाले रक्षावरण गर्नु पर्ने सम्पत्ति सम्बन्धी विवरण:** | | | | | |
| | **क. सम्पत्ति रहने स्थान:** | | | | | |
| | अञ्चल: ........................ | जिल्ला: ................. | गा.बि.स./न.पा. ........................ | वडा नं.: .................. | टोल: | ब्लक नं./घर नं.: ........................ |
| | **ख. सम्पत्ति रहने घर/जग्गाको विवरण:** | | | | | |
| | घर/जग्गा धनीको | **नाम थर** | | | | |
| | | ठेगाना | | | | |
| | घरको बनावट | कच्चि/पक्कि | | | | |

| | | | |
|---|---|---|---|
| | (यदि घर भएमा) | तलाको संख्या | |
| | घर जग्गा रहेको कित्ता नं. | | |
| | **ग. बीमाले रक्षावरण गर्नु पर्ने सम्पत्तिको विवरणः** | | |
| | <u>सम्पत्तिः</u><br><br>अ)<br>आ)<br>इ)<br>ई)<br>....<br>**जम्मा** | <u>मूल्यः</u><br><br>अ)<br>आ)<br>इ)<br>ई)<br>.... | <u>पहिचानको आधारः</u><br><br>अ)<br>आ)<br>इ)<br>ई)<br>.... |
| ४ | **स्वास्थ्य विवरण** | | |
| | क) के तपाईं अहिले पूर्ण स्वस्थ हुनुहुन्छ ? र यसअघिको बिरामी वा चोटपटकको असरबाट मुक्त भइसक्नुभएको छ ? यदि छैन भने पूर्ण विवरण दिनुहोस् । | | |
| | ख) अक्सर तपाईंलाई औषधोपचार गर्ने चिकित्सक, अस्पताल वा नर्सिङ्ग होमको नाम, ठेगाना दिनुहोस् । | | |
| | ग) तपाईंले विगत पाँच वर्षभित्र कहिले र कसबाट उपचार सम्बन्धी सल्लाह लिनुभएको छ ? छ भने कुन किसिमको बिरामी भएको वा चोटपटक लागेको थियो ? | | |
| ५ | **बीमाको अवधि भित्र बीमित ऋणीको मृत्य भएमा यस बीमालेख अन्तर्गत ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्थालाई नियमानुसार तिर्नु पर्ने रकम भन्दा बढि दावी भुक्तानी प्राप्त हुन सक्ने अवस्थामा त्यस्तो भुक्तानी लिन इच्छाइएको ब्यक्तिको विवरणः** | क) नाम थरः ......................................................<br>ख) स्थायी ठेगानाः ...............................................<br>ग) माता/पिताको नामः ........................................<br>घ) बीमित ऋणी र इच्छाइएको ब्यक्ति बीचको नाताः ................................. | |
| ६ | **बीमित ऋणीको जोखिम बृद्धि गर्ने कुनै कुरा वा शारिरिक अपाङ्गता केही भए उल्लेख गर्नुहोस ।** | | |
| ७ | बीमाको अवधि : ............................ देखि ........................................ सम्म | | |

**हामी यो घोषणा गर्दछौं कि यस प्रस्ताव फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु ठीक साँचो हुन् । हामीले वास्तविक सूचना वा सत्य तथ्य लुकाएका छैनौं, गलत विवरण दिएको वा गलत व्याख्या गरी प्रस्तुत गरेका छैनौं । राष्ट्रिय वीमा संस्थान ले यस प्रस्ताव फारामको आधारमा जारी गर्न सक्ने बीमालेखको अङ्ग मानिने यो प्रस्ताव फाराम बीमक र हामी बीचको करारको आधार हुनेछ भन्ने कुरा समेत स्वीकार र घोषणा गर्दछौं ।**

ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्थाको तर्फबाट सहि छाप गर्ने अधिकारीको

नाम थर :

पद :

मितिः ........................

प्रस्तावित बीमित ऋणीको दस्तखतः ............................

औठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**बीमितः**
यस बीमालेखमा बीमित भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रदान गर्ने बैंक/वित्तीय संस्था तथा सो कार्यक्रम अन्तर्गत ऋण सुविधा प्राप्त गरी परियोजना संचालन गर्ने ऋणी सम्झनु पर्छ ।

**बीमित ऋणीः**
यस बीमालेखमा बीमित ऋणी भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण सुविधा प्राप्त गरी परियोजना संचालन गर्ने ऋणी सम्झनु पर्छ ।

## परिच्छेद - १
## सम्पत्तिको क्षति/हानि-नोक्सानी

१. बीमकले बीमितलाई निम्नलिखित कुनै कारणबाट स्वरोजगार कार्यक्रम अन्तर्गत प्रदान भएको ऋण सुविधाबाट संचालित परियोजना अन्तर्गत र यस बीमालेखको अनुसूचीमा उल्लेख भएको सम्पत्ति क्षति/हानि-नोक्सानी भए बापत क्षतिपूर्ति प्रदान गर्नेछः-
(क) आगलागी, बिष्फोटन, स्वजलन वा चटयाङ्ग,
(ख) भूकम्प (अग्नि तथा धक्का)
(ग) बाढी/डुवान,
(घ) पहिरो/भू:स्खलन,
(ङ) आधिबेहरी, असिना, हिमपात,
(च) हुलदंगा/हडताल
(छ) द्वेशपूर्ण कार्य
(ज) आतंककारी/बिध्वंशकारी कार्य

२. बुँदा नं १ बमोजिमको कुनै कारणबाट बीमा रक्षावरण गरिएको सम्पत्तिमा क्षति/हानि-नोक्सानी भएमा बीमित ऋणीको परिसरमा रहेका सम्पूर्ण सम्पत्तिहरुको जम्मा मूल्य जति भए पनि बीमकले बीमितलाई वास्तविक क्षतिको आधारमा बढीमा अनुसूचीमा उल्लेखित बीमाङ्क रकम सम्मको क्षतिपूर्ति प्रदान गर्नेछ तर त्यस्तो रकम रु दुई लाख भन्दा बढी हुने छैन । क्षतिपूर्ति प्रदान गर्दा न्यून बीमाङ्क सम्बन्धी दफा (एभरेज क्लज) लागू हुने छैन ।

३. बुँदा नं. १ मा उल्लेख भएको बाहेक अन्य कुनैपनि कारणबाट बीमा रक्षावरण गरिएको सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

४. बीमा रक्षावरण गरिएको सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको परिणाम स्वरुप भएको नाफामा कमि, खर्चमा बृद्धि जस्ता कुनै पनि हानि-नोक्सानीको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

५. बीमा रक्षावरण गरिएको सम्पत्तिको प्रयोगबाट भएको ह्रास, यान्त्रिक वा बिद्युतीय अवरोध/असफलता/टुटफुटको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन।

## परिच्छेद - २
## बीमित ऋणीको बीमा

**खण्ड-कः बीमित ऋणीको मृत्यु भएको अवस्थामा**

बीमा अवधि भित्र बीमित ऋणीको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही माथि अनुसूचीमा उल्लेख भएको बीमाङ्क रकम बीमकले एक मुष्ट भुक्तानी गर्ने छ तर यस बीमालेख अर्न्तगत रक्षावरण प्रारम्भ हुने मितिबाट छ महिना भित्र बीमित ऋणीले आत्महत्या गरेमा कुनै रकम भुक्तानी दिने छैन । यस खण्ड अन्तर्गत भुक्तानी प्रदान गर्दा परिच्छेद-१ अन्तर्गत भुक्तानी गरिएको रकम र यस परिच्छेदको खण्ड-ख अन्तर्गत भुक्तानी गरिएको रकम कट्टा गर्ने छ ।

*(स्पष्टिकरणः जुनसुकै अवस्थामा पनि बीमित ऋणिको जीवन तथा सम्पत्ति दुवैको बीमा दावी रकम बीमाङ्क वा रु दुई लाख भन्दा बढी हुने छैन ।)*

यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमित ऋणीको मृत्यु भएमा बीमकले कुनै पनि दायित्व वहन गर्नेछैन ।
क) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस्) मा संलग्न भएमा,
ख) नागरिक वा जंगी ऐन भंग गरेमा,
ग) बीमा प्रस्ताव गर्दा बिद्यमान रोगको कारणले बीमित ऋणीको मृत्यु भएमा ।

**खण्ड-खः बीमित ऋणीको दुर्घटनाबाट स्थायी अंगभंग/अशक्तता भएको अवस्थामा**

१. बीमा अवधि भित्र "प्रत्यक्ष रुपले बाहिर देखिने, आकष्मिक र जोडदार दुर्घटना" (यस पछि दुर्घटना भनिएको) बाट शारीरिक चोटपटक लागि बीमित ऋणी स्थायी रुपले अशक्त वा अपाङ्ग भएमा स्थायी अशक्तता वा अपाङ्गता सम्वन्धमा बीमकले निम्न तालिका बमोजिमको सुविधा प्रदान गर्नेछ ।

| क्र.सं. | बिवरण | सुबिधा |
|---|---|---|
| क) | स्थायी अशक्तता भएमा | बीमाङ्कको १०० % रकम |
| ख) | नाडी वा सो भन्दा माथि देखि दुबै हात वा गोली गाँठो वा सो भन्दा माथि देखि दुबै खुट्टा काटिएमा वा भविष्यमा फिर्ता नहुने गरी दुबै आँखा पूर्ण रुपमा दृष्टि विहिन भएमा | बीमाङ्कको १०० % रकम |
| ग) | नाडी वा सो भन्दा माथि देखि एउटा हात र गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा | बीमाङ्कको १०० % रकम |

| | | |
|---|---|---|
| घ) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा र भविष्यमा फिर्ता नहुने गरी एउटा आँखा पूर्ण रुपमा दृष्टि विहिन भएमा | बीमाङ्कको १०० % रकम |
| ङ) | दुबै कान पूर्ण रुपमा श्रवण विहिन (पूर्ण रुपमा नसुनिने) भएमा | बीमाङ्कको ५० % रकम |
| च) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा | बीमाङ्कको ५० % रकम |
| छ) | एउटा आँखाको भविष्यमा फिर्ता नहुने गरी पूर्ण रुपमा दृष्टि विहिन भएमा | बीमाङ्कको ५० % रकम |

*स्पष्टीकरण : यस बीमालेखको प्रयोजनको लागि स्थायी अशक्तता भन्नाले दुर्घटनाको कारणबाट स्थायी रुपले अशक्त भई भविष्यमा कुनै पेशा, व्यवसाय वा ज्याला मजदुरी गरी आय आर्जन गरी जीविकोपार्जन गर्न असक्षम भएको अवस्था सम्झनु पर्छ ।*

२ बुँदा नं. १ बमोजिमको दुर्घटनाको कारणबाट स्थायी रुपले अशक्त भई भविष्यमा कुनै पेशा, व्यवसाय वा ज्याला मजदुरी गरी आय आर्जन गरी जीविकोपार्जन गर्न असक्षम भएको वा स्थायी रुपले शारीरिक अंगभंग भएको व्यहोरा सामान्यत दुर्घटना भएको १८० दिन भित्र सम्वन्धित विषयको योग्य चिकित्सकबाट बीमित स्वयमको खर्चमा प्रमाणित गराई बीमकको केन्द्रीय कार्यालयमा पठाउनु पर्ने छ ।

३. यस खण्ड अन्तर्गत भुक्तानी प्रदान गर्दा परिच्छेद -१ अन्तर्गत भुक्तानी गरिएको रकम कट्टा गरिने छ ।

४. यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमित आफैले लगाएको चोटपटक वा आत्महत्या वा आत्महत्याको प्रयास स्वरुप स्थायी अंगभंग/अशक्तता भएमा वीमकले कुनैपनि दायित्व वहन गर्ने छैन ।

५. यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमित ऋणीको स्थायी अशक्तता वा अपाङ्गता भएमा बीमकले कुनै पनि दायित्व वहन गर्नेछैन ।

क) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस्) मा संलग्न भएमा ।

ख) नागरिक वा जंगी ऐन भंग गरेमा ।

## शर्तहरु

१. यो बीमालेखको अनुसूची तथा बीमा प्रस्ताव फाराम दुवै करारको अंग मानिने छन् ।

२. बीमा प्रारम्भ मितिमा पूरा अवधिको एक मुष्ट बीमाशुल्क भुक्तानी गर्नु पर्ने छ ।

३. यस बीमालेख अन्तर्गतको दावी भुक्तानी ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्थालाई गरिनेछ । ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्थाले ऋणको शर्त बमोजिम घटना घटेको मितिमा बीमित ऋणीले बुझाउन बाँकि रहेको रकम कट्टा गरी बाँकि रकम जीवित भए बीमित ऋणी स्वयम वा सो नभए बीमितले इच्छाएको व्यक्ति, सो नभए बीमा ऐन २०४९ को दफा ३८ अनुसारको बीमितको आश्रित व्यक्ति वा कानूनी हकदारलाई भुक्तानी दिनु पर्नेछ । जुनसुकै अवस्थामा पनि यस बीमालेख अन्तर्गत बीमकले अनुसुचीमा उल्लेख भएको बीमाङ्क भन्दा बढी रकम भुक्तानी दिने छैन ।

४. बीमितको तर्फबाट यस बीमालेखको शर्तको पूर्ण पालना हुनु पर्नेछ ।

५. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे यस बीमालेखको अवधि समाप्त हुनेछ।

६. यस बीमालेख अन्तर्गत जोखिम बहन गर्न शुरु गरेको मिति र समय बीमालेखको अनुसूचीमा उल्लेख भए वमोजिम हुनेछ ।

७. यो बीमालेखका शर्तहरु बमोजिम बीमकलाई दिइने प्रत्येक सूचना वा जानकारी लिखित वा मुद्रित हुनु पर्नेछ ।

८. यस बीमालेख अन्तर्गत कुनै दुर्घटना वा हानि-नोक्सानी भएमा सोको सूचना लिखित रुपमा अविलम्व बीमकलाई दिनु पर्नेछ ।

९. दावी पर्न सक्ने अवस्थामा बीमितले बीमकलाई आवश्यक पर्ने सम्पूर्ण जानकारी तथा तत् सम्बन्धी अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१०. यस बीमालेख अन्तर्गत समर्पण मूल्य र/वा कर्जा प्रदान गरिने छैन ।

११. कुनै दावी जालसाजी भएमा वा उक्त सिलसिलामा झुट्ठा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्ति वा संस्थाले यो बीमालेख अन्तर्गत कुनै लाभ उठाउन खोजेमा वा जानी जानी  बीमित-बीमित वा अन्य कुनै व्यक्तिको मिलेमताको कारणले कुनै हानि-नोक्सानी भएमा वा कुनै घटना भएमा यो बीमालेख अन्तर्गतको सबै लाभबाट बीमित बञ्चित हुनेछ ।

१२. कुनै पनि समयमा बीमितले सत्य तथ्य लुकाई गलत तरिकाले यस बमोजिमको दावी भुक्तानी लिएको प्रमाणित भएमा त्यसरी प्राप्त गरेको रकम एकमुष्ट बुझाउन बीमकले ३५ दिने सूचना जारी गर्न सक्ने छ । उक्त सूचनाको म्याद भित्र सो रकम भुक्तानी गर्नु बीमितको कर्तव्य हुनेछ ।

१३. यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।

ऋणीको दस्तखत.........................................मिति.....................

# कर्जा तथा वीमा व्यवस्था सम्वन्धी निर्देशिका, २०६५

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावलीको नियम ३० ले दिएको अधिकार प्रयोग गरी समितिले देहायको निर्देशिकाहरु वनाएको छ ।

परिच्छेद १

कर्जा सम्वन्धी

१. परिभाषा:

(क) "वैंक तथा वित्तिय संस्था" भन्नाले वैक तथा वित्तिय संस्था ऐन वमोजिम दर्ता भएको संस्था जनाउनेछ र सो शव्दले समितिले समय समयमा तोकेको अन्य संस्थाहरु समेतलाई जनाउनेछ ।

(ख) "कर्जावाला" भन्नाले न्यूनतम १८ बर्ष देखि ५० बर्ष समूह भित्रको ऋण लिने व्यक्ति लाई जनाउनेछ ।

(ग) "परियोजना" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषवाट र्क्जा र आाफ्नो रकम समेत लगानी गरेको कुनै व्यवसाय, कुनै सामान समेत संझनु पर्छ।

(घ) "सहभागी वैंक" यस कार्यक्रममा सहभागी वैंक संझनु पर्छ ।

२. कर्जावालाले कर्जा प्राप्त गर्न पेश गर्नु पर्ने विवरणहरु र ध्यान दिनु पर्ने कुराहरु :

१. नागरिकताको प्रमाण-पत्र,

२. शैक्षिक योग्यता भएमा सो को प्रमाण पत्र,

३. परम्परागत शीप (कृषि व्यवसाय, व्यापार तथा जातीय शीप) हुने वाहेक शीप हासिल गरेको प्रमाण पत्र,

४. अभिमूखिकरण तलीमको प्रमाण पत्र,

५. आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरि पारिवारिक विवरण,

६. आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण,

७. कर्जा माग निवेदन,

८. सम्पूर्ण परियोजना सम्वन्धि कागज पत्र सहित कर्जा प्राप्त गर्न परियोजना स्थल नजिकको यो कारोवार संचालन गर्न अनुमति प्राप्त बैंकको कार्यालयमा आवेदन दिनु पर्ने।

३. . विना धितो कर्जा प्रदान गर्दा वित्तीय संस्थाहरुले निम्न अनुसारको प्रकृयाको अवलम्वन गर्नु पर्नेछ :

१. व्यवसायको उद्येश्य अनुसार कर्जा वढीमा पाच बर्ष अवधीको हुने छ र बैंकको नियमानुसार तोकेको किस्तामा बुझाउनु पर्ने गरि सम्वन्धित बैंकले किस्ता तोक्नेछ ।

२. कर्जा स्वीकृत गर्ने आशय पत्र कर्जावालालाई (व्यक्तिगत वा सामुहिक) दिनु पर्छ र सो आशय पत्रको आधारमा संचालन गर्न चाहेको व्यवसाय सम्वन्धित निकायमा दर्ता गराएको प्रमाण र करमा दर्ता भए पछि मात्र लगानी गर्नु पर्छ।

३. एक पटक (व्यक्तिगत वा सामुहिक) ऋण लिए पछि अरु कुनै किसिमको यस कार्यक्रममा ऋण पाउन योग्य हुनेछैन र पहिले ऋण वाकी भएका व्यक्ति यस कार्यक्रममा सहभागी हुन पाउने छैन ।

४. यसरी दर्ता गर्न नसक्ने भएमा आयकरमा दर्ता गरी स्थायी लेखा नम्वर भने अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्छ ।

५. स्थानीय निकायको शिफारिशको आधारमा जिल्ला स्थित उद्योग वाणिज्य संघले आयकर ऐन, २०५८ अनुसार स्थायी लेखा नम्वर प्रदान गर्नु पर्छ ।

४. माथिको विवरण प्राप्त गरिसके पछि बैंकले गर्नु पर्ने कार्यहरु:

१.बैंकले कर्जावालाले पेश गरेको विवरणको अध्ययन र विश्लेषण गर्ने,

२. बैंकले कर्जा स्वीकृत गर्ने र प्रदान गर्ने,

३. किस्ता प्रवाह गर्दा परियोजनाको प्रकृति हेरी आवश्यक भएमा परियोजना निरीक्षण विवरणको आधारमा किस्ता प्रवाह गर्ने,

४. कर्जा प्रदान गरेपछि र असुली भएपछि (सहभागी वैकहरुलाई user name र password दिएको हुन्छ) सोको जानकारी अविलम्व internet मार्फत www.mof.gov.np मा log in गरी दिने ।

५. वीमाको पोलिसीमा अनिवार्यरुपमा कर्जावालाको सही गराउने र वीमा लागु हुने अवधि उल्लेख गरी सोधभर्ना मागेको समयमै Internet मार्फत जानकारी दिने ।

६. कर्जावालालाई बैंकको नियमानुसार तमसुक तथा वीमाको संझौतामा सही गराउने । तमुसुक गराउदा भाखा भित्र कर्जा नतिरे कानून वमोजिम पाउने **"जुनसुकै सम्पतिमा स्वतः पहिलो दावी सृजना हुने र मैले पाउने रकम तेश्रो पक्षवाट असुल उपर गरी लिएमा सहमति भएको तथा मेरो व्यक्तिगत जमानी समेत भएको"** व्यहोरा उल्लेख गर्ने।

७. कर्जावालाले कर्जा प्राप्त गरेको ६ महिना पछिवाट लगानी भएको मिति देखिको बाँकि व्याज सहित मासिक किस्ता समेत तोकिएकै समयमा बुझाउनु पर्ने शर्त राख्नु पर्नेछ।

८. लगातार कर्जाको तीन किस्ता भाखा नाघेमा स्थानीय प्रशासनमा अनिवार्य रुपमा जानकारी दिने।

५. सोधभर्ना सम्वन्धी व्यवस्था:

१. वैकले लक्षित वर्गलाई कर्जा दिएको र असुली भएकोमा सो रकम र व्याज सहुलियत वापत फिर्ता दिएको रकम सात दिन भित्र Internet मार्फत सोधभर्नाको लागि माग गर्नु पर्छ ।

२. कोषले प्राप्त भएको सात कार्य दिन भित्र सोध भर्ना दिनु पर्नेछ ।

३. असुली भएको रकम पनि सात कार्य दिन भित्र कोषले तोकेको खातामा जम्मा गर्नु पर्नेछ।

४. कोषले तोकेको समयमा फिर्ता नगरे कोषको रकम र्कजावालालाई लगानी गर्दा लिने उच्चतम व्याजदर वैंकले दावी गिर्न पाउनेछ र असुली भएको रकम तोकेको मिति भित्र तोकेको खातामा जम्मा नगरेमा कोषले पनि सोही दरमा दावी गर्न पाउनेछ ।

६. विपन्न वर्गमा जाने कर्जा सम्वन्धी:

१. वैक तथा वित्तीय संस्थावाट विपन्न वर्गमा लगानी हुने कूल लगानीको कम्तीमा एक प्रतिशत रकम स्वरोजगार कोषमा जम्मा गर्नु पर्नेछ । यदि कुनै वैक तथा वित्तिय संस्थाले तीन प्रतिशत लगानी गरि सकेको भए पहिलो वर्षको हकमा २०६५ चैत्र भित्र ०.२५ प्रतिशत, २०६६ आषाढ भित्र ०.५० प्रतिशत, २०६६ असोज भित्र ०.७५ प्रतिशत र २०६६ पौष भित्र वांकी रकम वुझाउनु पर्नेछ ।

२. उपदफा (१) वमोजिमको रकमको अतिक्ति थप दुई पैतिशत सम्म सो कोषमा रकम जम्मा गर्न सक्नेछ ।

३. कुनै निकायले एक क्षेत्र एक उत्पादन वा सामूहिक व्यवसायको कुनै उत्पादन वा सेवा खरीद गर्ने शर्त गरी सामान वा सेवाको रकम भुक्तानि गर्दा वैक तथा विक्तिय संस्थामा ऋण भुत्तानी गने गरी कोष, खरीदकर्ता र लगानी गर्ने वैंक तथा वित्तिय संस्था वीच त्रिपक्षीय संझौता गर्न सक्नेछ । यस्तो अवस्थामा उपदफा (२) को अतिरिक्त पनि लगानी गर्न सक्नेछ।

४. उपदफा (१) र (२) वमोजिम जम्मा गरेको रकममा कोषले पांच प्रतिशत व्याज प्रदान गर्ने छ।

५. वैक तथा वित्तीय संस्थालाई सात प्रतिशतमा रकम उपलव्ध गराउनु पर्नेछ र लक्षित वर्गलाई लगानी गर्दा १२ प्रतिशतमा लगानी गर्नु पर्नेछ ।

६. हर्जना व्याज कर्जा लगानी गर्ने संस्थाको नियम अनुसार हुनेछ ।